# लो-घेकर दामोदरकुण्ड गाउँपालिका

# विनियोजन ऐन, २०७८

लो-घेकर दामोदरकुण्ड गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

चराङ, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

२०७८

लोप्साङ छोम्फेल बिष्ट
गाउँपालिका अध्यक्ष

लो-घेकर दामोदरकुण्ड गाउँपालिको आर्थिक बर्ष २०७८/२०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७८

**प्रस्तावना:** लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम लो-घेकर दामोदरकुण्ड गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन २०७८ साल साउन १ गते देखि प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७८।०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१)आर्थिक वर्ष २०७८।०७९ को निमित्त लो-घेकर दामोदरकुण्ड गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखालेगर्ने सेवा र कार्यहरुकानिमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च,विशेष अनुदान, समपुरक अनुदान र शसर्त अनुदान खर्चको रकम समेत गरी जम्मा रकम रु २४,८५,६०,६६६। (अक्षररुपी चौबिस करोड पंचासी लाख साठी हजार छ सय छैसठ्ठी) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन:**(१)यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को निमित्त यस लो-घेकर दामोदरकुण्ड गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा प्रवाह, खरिद, कार्यक्रम खर्च तथा विकास निर्माण कार्यहरुको खर्च तथा जनप्रतिनिधि र कर्मचारी तलव भत्ता र अन्य खर्चको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा

रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खच तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा, बजेट शिर्षकहरु थपघट संशोधन गर्नु परेमा गाउँसभा वसी सभाको स्वीकृति लिनु पर्नेछ ।

४. **संशोधन :** यस ऐनमा लेखिएको जुनसुकै पनि कुराहरु संशोधन वा खारेजी गर्न आवश्यक भएमा जुनसुकै समयमा गाउँसभाको विशेष बैठक वसी संशोधन तथा खारेजी गर्न सकिनेछ ।

अनुसूचि-१

(दफा२ संग सम्वन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | | ११२७३०००० | ८८७८०००० | | |
| १ | | गाउँकार्यपालिका | | | | |
| २ | | शसर्त अनुदान | ६३५००००० | | | |
| ३ | | शसर्त अनुदान प्रदेश | | ३०००००० | | |
| ४ | | विशेष अनुदान | | ८७००००० | | |
| ५ | | समपुरक अनुदान प्रदेश | | २७३८४०००० | | |
| | | कुल जम्मा | | | | |

लोप्साङ छोम्फेल [illegible]

गाउँपालिका अध्यक्ष